SWC Affiliation No. 25676
DAO Reg. No. 086/065
PAN 304140514

KOSHISH

# KOSHISH

National Mental Health Self-Help Organization

P.O.Box: 8975, E.P.C. 2706, Bagdol, Laltpur

Tel: +977 1 5190103, E-mail: info@koshishnepal.org, URL: www.koshishnepal.org

Ref. No. मिति: २०७५।०९।०१

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

“कोशिश” वि.सं. २०६५ सालमा स्थापना भएको मानसिक स्वास्थ्यको राष्ट्रिय स्तरको स्वावलम्बन संगठन संस्था हो । यस संस्थाले समुदाय स्तरमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी सेवा प्रवाह र सचेतना अभिवृद्धि गर्नुका साथै मानसिक सुस्वास्थ्य र मनोसामाजिक अपाङ्गताको प्रवर्द्धनका लागि नीतिगत तहमा बहस-पैरवी गर्दै आएको छ ।

आगामी जनवरी सन् २०१९ देखि डिसेम्बर, सन् २०२३ सम्म कोशिश संस्थाले मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याबाट प्रभावित भएका र यसको जोखिममा रहेका व्यक्तिहरुको जीवनयापनमा सुधार ल्याउने उद्देश्यका साथ सीबीएमको सहयोगमा “अपाङ्गता समावेशी समुदायमा आधारित मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहायता” परियोजना सञ्चालन गर्दैछ । उक्त परियोजनाको फिल्डमा आधारित पदका लागि निम्न विवरण अनुसारको कर्मचारी आवश्यक परेको हुँदा उक्त पदमा काम गर्न इच्छुक योग्य व्यक्तिहरुलाई दरखास्त आवेदन गर्न यो सूचना प्रकाशित गरिएको छ ।

## पद : सामुदायिक मनोसामाजिक कार्यकर्ता (CPSW) संख्या : १ (एक जना)

**आवश्यक योग्यता र अनुभव:**

- कम्तीमा प्रवीणता प्रमाणपत्र (+२) वा सो सरह उर्त्तीण
- राम्रो सञ्चार एवं समन्वयको कौशलता भएको
- ग्रामीण परिवेशमा कठिन परिस्थितिमा पनि कार्य गर्न सक्ने
- एक वर्ष वा सो भन्दा बढी समुदाय परिचालनको अनुभव भएको
- ६ महिना मनोविमर्शकर्ताको तालिम लिएका आवेदकलाई प्राथमिकता दिइने छ

**कामको विवरण:**

- स्थानीय नगरपालिका वा गाँउपालिका, स्वास्थ्य संस्था तथा स्थानीय विद्यालय तथा अन्य संघ-संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने
- सेवाग्राहीहरुको मानसिक स्वास्थ्य अवस्थाबारे जानकारी लिने र उनीहरुलाई मानसिक तथा मनोसामाजिक स्वास्थ्य सेवासम्म पहुँचको लागि पहल गर्ने
- मानसिक स्वास्थ्यबारे समुदायमा सचेतना कार्यक्रमको सहजिकरण गर्ने
- मनोविमर्शकर्तासँग समन्वय गरी सेवाग्राहीहरुलाई मनोविमर्श, औषधि लगायतका सहायताको आवश्यकता निर्क्यौल गर्ने
- सेवाग्राहीहरुको प्रगतिलाई नियमित रुपमा अद्यावधिक गर्ने
- आवश्यक स्थानहरुमा स्वावलम्बन समूहको निर्माण, समूहको क्षमता अभिवृद्धि र सशक्तिकरणमा सहजिकरण गर्ने
- समुदायमा कोशिश तथा परियोजनाको प्रतिनिधित्व गर्दै संस्थागत सम्बन्ध एवं सञ्जाल सुदृढ गर्ने
- मासिक रुपमा कार्यक्रमको योजना तर्जुमा तथा मासिक प्रगति प्रतिवेदन तयार गर्ने

**तलब तथा सुविधा:** परियोजनामा निर्दिष्ट भएबमोजिम तथा संस्थाको नीति अनुरुप हुनेछ ।

**आवेदन प्रक्रिया:**

१. सामान्य ढाँचामा निवेदन, २. व्यक्तिगत विवरण (बायोडाटा), ३. योग्यता प्रमाण र अनुभव प्रमाण-पत्रहरुको प्रतिलिपि सहित **मर्स्याङ्दी गाउँपालिकाको कार्यालय**मा सम्पर्क राख्न सकिने छ वा कोशिश, राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठनको ईमेल: **recruit@koshishnepal.org** मा पठाउन सकिनेछ ।

**आवेदन दिने अन्तिम मिति: २०७५ पौष १५ गतेसम्म**

**छनौट प्रक्रिया:** आवेदकहरुबाट प्राप्त कागजातका आधारमा छनौट गरिएका आवेदकहरुलाई लिखित तथा अन्तरवार्तामा बोलाइने छ । छनौटको अन्तिम निर्णय गाउँपालिकाको सूचनापाटीमा टाँस गरिनेछ ।